## श्री सर्वोच्च अदालतमा पेश गरेको

## निवेदन पत्र

**विषयः आन्तरिम आदेश सहितको उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आदेश जारी गरी पाउँ ।**

| | |
|---|---|
| **निर्वाचन आयोग नेपालमा दर्ता नं. ३२ मा दर्ता रहेकोका.जि.का.म.न.पा. वडा नं.११ स्थित नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भई आफ्नो हकमा समेत वर्ष ६९ को केपी शर्मा ओलीको वारेस का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने वर्ष ३३ की सुमित्रा पाण्डे............. ......... ......... ......... ......... ......... ......... ...........१** | **रिट निवेदक** |

**विरुद्‌ध**

| | |
|---|---|
| **निर्वाचन आयोग कान्तिपथ, काठमाडौं.................................................१** | **विपक्षी** |
| **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं ..............१** | **प्रत्यर्थी** |
| **संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौ....................... ...............१** | |
| **प्रतिनिधि सभाका सभामुख अग्नी प्रसाद सापकोटा, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौ................................................ ..................१** | |
| **नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं..........१** | |

**मुद्‌दाः उत्प्रेषण ,परमादेश, प्रतिषेध ।**

**उपरोक्त विपक्षीहरुले हाम्रो पार्टी नेकपा एमाले समेतलाई अन्याय गर्नु भएको कुरा निम्न प्रकरणमा उल्लेख गरी नेपालको संविधानको धारा १७ (२) (च), १८ (१), २०, ४६, १३३ (१) (२), (३), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३, ४, ९, २८, २९, ३१, ३२, ३३, ३४, ३५, ३६, राजनीतिक दलसम्बन्धी नियमावली २०७४,प्रचलित कानून समेत तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३२ समेतको आधारमा प्रस्तुत रिट निवेदन गर्ने हकदैया प्राप्त भएको कुरामा आफ्नो सम्पूर्ण व्यहोराहरु तल लेखिए बमोजिम प्रकरणहरुमा खुलाई यो रिट निवेदन गरेका छौं ।**

**१. रिट निवेदक नेपाल कम्प्युनिष्ट पार्टी राजनीतिक दलको रुपमा २००६ साल वैशाख १० गते गठन भएको र सोही दलको निरन्तरताको रुपमा निर्वाचन आयोगमा पछिल्लो पटक द.नं. ३२ मिति २०७३।८।३० मा दर्ता भएको राजनीतिक दल हो । २०७४ सालको प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा स्थानीय तह समेतको निर्वाचनमा यो दललाई**

सबभन्दा ठूलो राजनीतिक दलको रुपमा नेपाली जनताको जनमतबाट स्थापित वर्तमान अवस्थामा संघीय संसदमा प्रमुख प्रतिपक्ष दलको हैसियतले क्रियाशिल छ ।

२. मिति २०७५।०२।३को घोषणाले यो दल र नेपाल कप्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच एकीकरण भई नेपाल कम्प्युनिष्ट पार्टी (नेकपा) गठन भई क्रियाशिल रहेकोमा सोही अवधिदेखि नै विपक्षी महलमा रहेका विभिन्न व्यक्तिहरुले आफ्नो दलभित्र विभिन्न प्रकारका अनर्गल, झुठ्ठा कुराहरु उठाई पार्टीभित्र असमन्जसको अवस्था सृजना गरी आएका थिए । यसै बीच सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक ऋषिराम कट्टेल भएको उत्प्रेषण (०७५–धइ–०५१७) मुद्दामा मिति २०७७।११।२३ मा भएको फैसला बमोजिम यो दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच भएको कानुन बमोजिमको एकीकरणलाई खारेज गरी दुई दल यथावत् हुने गरी फैसला भए पश्चात रिट निवेदक दलका अध्यक्षले अर्का अध्यक्षलाई दल एकीकरण गर्ने सम्बन्धमा पटक पटक अनुरोध गर्दा वास्ता मतलव नगरेकाले रिट निवेदक दल पुर्नस्थापित भई कार्य शुरु गर्दादेखि नै विपक्षी महलमा लेखिएका यस दलका तत्कालिन नेता तथा कार्यकर्ता लगायतले यस दलका विरुद्धमा विभिन्न अफवाहहरु श्रृजना गरी विपक्षी तथा प्रतिष्पर्धी राजनीतिक दलहरुसँग अनैतिक गठजोड तथा कार्यगत एकता गरी संसदीय मर्यादा र सिद्धान्त विपरित कार्य गरी गराई आएका थिए ।

३. यसै बीच विपक्षी निर्वाचन आयोगले मिति २०७८।५।९ मा निर्णय गरी रिट निवेदक दलका केन्द्रिय समितिका २७.९ प्रतिशत केन्द्रिय सदस्यहरु र १९.४८ प्रतिशत संघीय संसदका सदस्यहरुले सनाखत गरेको र २७.९ प्रतिशत केन्द्रिय कमिटीका सदस्यहरु २० प्रतिशत भन्दा बढी भएकाले रिट निवेदक दललाई विभाजन गरी गराई विपक्षी "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक राजनीतिक दल दल दर्ता नं. १६६ मिति २०७८।५।९ मा छुट्टै दल दर्ता गरेको भनी सार्वजनिक संचार माध्यमबाट जानकारी हुन आएकोले के रहेछ भनी मिति २०७८।०५।११ मा उपरोक्त दल दर्ता गर्दाका कागजातहरु माग गरी मिति २०७८।०५।१५ मा प्राप्त गरी हेर्दा यो दल विभाजन गरी विपक्षी उक्त दल दर्ता गर्दा नेपालको संविधान, प्रचलित कानुन विपरित विभाजित छुट्टै दल दर्ता हुनै नसक्ने अवस्थामा दल दर्ताको लागि निवेदन गरेको ४५ दिनसम्म दल दर्ता गर्न सक्ने विपक्षी निर्वाचन आयोगलाई अधिकार हुँदा हुदै हठात् र बलात् ढंगले रिट निवेदक राजनीतिक दललाई कुनै थाहा जानकारी नदिई कुनै पत्राचार नगरी रोहवरमा नराखी प्राकृतिक न्याय र सिद्धान्त विपरित रिट निवेदक दललाई विभाजन गरी दिएकोले

उक्त विभाजनको निर्णय तथा विपक्षी "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक राजनीतिक दल यो दलबाट विभाजित भई दर्ता नै हुन नसक्ने अवस्थाको भएको तथा उक्त दलमा प्रतिनिधिसभा सदस्य पद सहित गएका भनिएका विपक्षी महलका १५ जना प्रतिनिधिसभा सदस्य मध्ये झलनाथ खनाल बाहेकका १४ जनालाई यस दलले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२(२) बमोजिम निष्काशन गरी मिति २०७८।०५।०१ मा विपक्षी सङ्घीय संसद सचिवालयमा ऐ. ऐनको दफा ३५ बमोजिम हुन निवेदन समेत दर्ता गराएकोमा सोलाई कार्यान्वयन नगरेकालाई मान्यता दिएको, सुरु दल दर्ताको निवेदनमा दस्तखत नै नभएकाहरुको पछि सनाखत गराएको, सङ्घीय संसद सचिवालयमा १४ जना प्रतिनिधिसभा सदस्यहरुको कारबाही विचाराधीन रहेको अवस्थामा जबरजस्ती छुट्टै दल दर्ता गरेको, ल्याउनै नमिल्ने अध्यादेश ल्याएको समेत कार्य गरेको अवस्थामा अन्यत्र जाने प्रभावकारी माध्यम तथा वैकल्पिक व्यवस्था नरहे नभएकोले सम्मानित अदालत समक्ष प्रस्तुत रिट लिई उपस्थित भएका छौं ।

४. विपक्षी राजनीतिक दल गठन गर्दा गठनको लागि निवेदन गर्दा विपक्षी निर्वाचन आयोगमा द.नं. ४३३ मिति २०७८।५।२ मा छुट्टै दल दर्ता गरी पाउन राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को अनुसुचि ५ बमोजिमको विवरण सहित आवश्यक कागजातहरु राखी निवेदन दर्ता भएको छ । त्यो निवेदनमा दावी गरेको दलको नाम फेर्नुपर्ने भए सोही निवेदनलाई विपक्षी निर्वाचन आयोगले नाम फेर्न लगाई सोही निवेदनमा कारबाही गर्नु पर्नेमा सोही निवेदकहरुबाट पुनः मिति २०७८।०५।०४ मा निवेदन दर्ता हुन आएको भनी मिति २०७८।०५।०९ को निर्णयमा उल्लेख गरिएको छ । जबकी मिति २०७८।०५।०२ मा पेश भएको दल दर्ताको अनुसुचि सहितको निवेदनमा उल्लेख भएका व्यक्ति तथा दस्तखतलाई नै आधार मानी विभाजित दल दर्ता हुने वा नहुने निर्णय गर्नु पर्नेमा आफुखुशी पुनः अर्को निवेदन तथा अनुसुचि लिई विभाजित दल दर्ता गर्न मिल्दैन । साथै, विपक्षी निर्वाचन आयोगले मिति २०७८।०५।१३ मा गरेको निर्णयमा प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरुले मिति २०७८।०५।२२ गतेसम्ममा सनाखत गर्न पाउने भनि मिति २०७८।०५।०२ मा दल गठन भई निर्वाचन आयोगमा दर्ता भएको कुरा स्वीकार गरेको अवस्थामा अन्यथा हुनेगरी निर्णय गर्न मिल्दैन ।

५. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश २०७८ असंवैधानिक छ । उक्त अध्यादेशको खारेजीको विषयमा यसै सम्मानित सर्वोच्च

अदालतमा रिट निवेदनहरु परी विचाराधीन अवस्थामा रहेका छन् । यसमा मूल ऐनको दफा ३३(२) लाई संशोधन गरी केन्द्रिय समितिको २०% वा संघीय संसदीय दलको २०% वा सो भन्दा बढी सदस्यले एकै पटक दल विभाजनको लागि निवेदन गरेमा मात्र सो निवेदन बमोजिम दल विभाजन सम्बन्धी प्रक्रिया अगाडी बढ्ने हो । विपक्षी निर्वाचन आयोगमा द.नं. ४३३ मिति २०७८।०५।०२ मा विभाजित दल दर्ताको लागि पेश भएको कागजात तथा अनुसुचि समेतमा जे जो कुराहरु उल्लेखित छन् । ज जसको दस्तखत छ निजहरुलाई मात्र मान्यता दिनुपर्ने हुन्छ । सनाखत भनेकै पहिला भएको दस्तखत हो कि होइन भनि पछि सनाखत गर्ने हो । पहिला नै दस्तखत नभएको व्यक्तिको पछि सनाखत गर्न मिल्दैन । मिति २०७८।०५।०२ मा विपक्षी निर्वाचन आयोगमा ४.४३ बजे दर्ता भएको उक्त दल विभाजनको निवेदनमा विपक्षी निर्वाचन आयोगका सचिवले श्री दर्ता, प्रस्तुत निवेदन दर्ता गरी राजनीतिक दल व्य.शाखामा पठाउने भनी तोक आदेश सोही दिन गर्नु भएको छ । सो निवेदनलाई नै आधार मानी विभाजित छुट्टै दल दर्ता हुने वा नहुने निर्णय हुनुपर्छ । सो भन्दा अन्यथा हुने गरी पुनः मिति २०७८।५।४ मा निवेदन लिई छुट्टै दल दर्ता हुन सक्दैन ।

६. यो रिट निवेदनमा विपक्षी बनाइएका माथि उल्लेखित विपक्षी खण्डका देहाय बमोजिमका १४ जना व्यक्तिहरु यस दलको तर्फबाट निर्वाचित र समानुपातिक तर्फबाट प्रतिनिधि सभा सदस्य भएका व्यक्तिहरु हुन् :

१. माधव कुमार नेपाल
२. जिवनराम श्रेष्ठ
३. मुकुन्द न्यौपाने
४. रामकुमारी झाक्री
५. कल्याणीकुमारी खड्का
६. लक्ष्मी कुमारी चौधरी
७. निरादेवी जैरु
८. पुष्पाकुमारी कर्ण कायस्थ
९. सरला कुमारी यादव
१०. कलिला खातुन
११. विरोध खतिवडा
१२. कृष्णलाल महर्जन

**१३. भवानी खापुङ्ग**

**१४. मेटमणी चौधरी**

**निजहरु मध्ये छुट्टै दर्ता भएको विपक्षी राजनीतिक दल "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक दलको अध्यक्ष माधव कुमार नेपाल र अन्य १३ जना केन्द्रिय सदस्य रहेका छन् । निजहरु १४ जनाले यस दलका अध्यक्ष तथा पुर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०७८।०१।२७ मा प्रतिनिधि सभामा विश्वासको मत लिन प्रस्ताव राख्नु हुँदा निजहरु समेत सबै प्रतिनिधि सभा सदस्यहरुलाई विश्वासको मतको पक्षमा मत जाहेर गर्न राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा २८ बमोजिम ह्वीप जारी गरिएकोमा निजहरु समेतले दलको ह्वीप उलंघन गरेकाले निजहरुलाई रिट निवेदक दलको मिति २०७८।०४।२५ को निर्णयले साधारण सदस्यता र प्रतिनिधि सभा सदस्य समेत नरहने गरी राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३२(२) बमोजिम दल त्याग गरेकाले दलबाट निष्काशन गरिएको र ऐ.ऐनको दफा ३५ र ३६ बमोजिम कार्यान्वयनको लागि रिट निवेदक दलले विपक्षी संघीय संसद सचिवालयमा द.नं. १२४ मिति २०७८।०५।०१ मा दल त्याग गरेको सूचना दर्ता गरेको छ । सो उपर विपक्षी संघीय संसद सचिवालय र सभामुख अग्नी प्रसाद सापकोटाले ऐ.ऐनको दफा ३५ बमोजिम उक्त सूचनाको जानकारी प्रतिनिधि सभामा दिने र प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको अवस्था भएमा सम्बन्धित सचिवालयको सूचना पार्टीमा टाँस गर्नुपर्ने अनिवार्य व्यवस्थालाई अनदेखा गरी कानुनले तोकी दिएको प्रकृया तत्काल अवलम्बन गर्नुपर्नेमा सो नगरी विपक्षी सभामुखले यसै बीच निर्वाचन आयोगले रिट निवेदक राजनीतिक दलका को को सदस्यहरु को को संघीय संसद सदस्यहरु कार्यरत हुनुहुन्छ सो को विवरण पठाइदिन विपक्षी संघीय संसद सचिवालयमा अनुरोध गरेकोमा विपक्षी संघीय संसद सचिवालयको च.नं. २९ मिति २०७८।५।८ को पत्र साथ रिट निवेदक दलका एकमुष्ठ प्रतिनिधि सभा सदस्य १२१ जनाको नाम पठाउने गैर कानुनी कार्य गरियो । उक्त पत्रको प्रकरण नं. ४ मा रिट निवेदक दलले निष्काशन गरेका उक्त १४ जना प्रतिनिधि सभा सदस्यहरुको हकमा उक्त विषय नियमानुसार विचाराधिन रहेको भनी लेखियो । जबकी यस्तै प्रकारको यस भन्दा पुर्व समाजवादी पार्टीले आफ्नो सांसद सरीता गिरीलाई निष्काशन गरिएको सूचना मिति २०७७।०३।२४ गते ४:४५ बजे संघीय संसद सचिवालयमा दर्ता गरेकोमासो को भोलीपल्ट अर्थात मिति २०७७।०३।२५ च.नं. ६४ को पत्रबाट स्थान रिक्तताको जानकारी संघीय संसद सचिवालयले सम्बन्धित निकायहरुलाई दिएको छ ।**

यसै गरी यसै गरी नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट टोप बहादुर रायमाझी सहितले दल त्याग गरेको सूचना मिति २०७७।१२।२४ द.न. ७४ समय २.४५ बजे संघीय संसद सचिवालयमा दर्ता भएकोमा मिति २०७७।१२।२७ गते कार्यान्वयन गरी सोही दिन सम्बन्धित निकायहरुमा विपक्षी संघीय संसद सचिवालयले पत्राचार समेत गरेको छ । यस्तो अवस्थामा यस दलको मिति २०७८।०४।२५ को निर्णयले निष्काशित भएका उपरोक्त १४ जना प्रतिनिधि सभा सदस्यहरुको हकमा भने मिति २०७८।५।१ मा दर्ता भएको निवेदनका सम्बन्धमा छुट्टै राजनीतिक दल दर्ता हुन लागेको भनी निर्वाचन आयोगबाट प्राप्त भएको पत्रको जवाफमा उक्त विषय नियमानुसार विचाराधिन रहेको भनी राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३४ विपरित विचाराधिन राख्नै नमिल्ने विषयमा विचाराधिन राखेको कार्य कानुन विपरित छ । साथै, रिट निवेदकको उपरोक्त बमोजिमको दल त्याग गरेको सूचना तथा निर्णयमा विपक्षी सभामुखले मिति २०७८।०५।१३ मा निर्णय गर्दा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) दल दर्ता भएको भनि मिति २०७८।०५।११ मा निर्वाचन आयोगबाट जानकारी प्राप्त हुन आएको सन्दर्भलाई समेत मनन गर्दा उक्त नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) को पत्रको सम्बन्धमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ (दोस्रो संशोधन अध्यादेश २०७८) बमोजिम नै कुनै कारबाही गर्नुपर्ने अवस्था रहेन भनि निर्णय गर्नुभएको छ । जबकी निजको काम दलले निष्काशन गरिसकेका प्रतिनिधिसभा सदस्यहरुको हकमा दलबाट निष्काशित भएको भनि सभामा सुनाउने वा सूचना टाँस गर्ने मात्र, सो विपरीत विपक्षी सभामुखबाट यस्तो निर्णय गर्न मिल्दैन । मिति २०७८।०५।०१ मै दर्ता भइसकेको दल त्याग गरेकोमा भएको निष्काशनको सूचना पछि आएको अध्यादेशबाट अन्यथा गर्न मिल्दैन । साथै, अध्यादेशले यस्तो गर्ने अधिकार दिएको छैन । सभामुखले बाध्यात्मक रुपमा ऐ. ऐनको दफा ३५ बमोजिम कार्य नगरी बदनियतपूर्वक विपक्षी सभामुखले पद जोगाइदिई नयाँ दलमा जान मार्गप्रशस्त गर्ने कलुसित भावना लिनुभएको देखिन्छ । साथै, विपक्षी झलनाथ खनालले निर्वाचन आयोगमा छुट्टै दल दर्ताको शुरु निवेदनमा दस्तखत नै गर्नुभएको छैन । यसरी दस्तखत नै नगर्ने व्यक्तिलाई पछि सनाखत गराइएको कार्य अनाधिकृत र गैरकानूनी छ ।

७. विपक्षी मध्ये देहाय बमोजिका ९ जना व्यक्तिहरु केन्द्रिय सदस्य रहेका र निजहरुलाई केन्द्रिय सदस्य, साधारण सदस्य र प्रतिनिधि सभा सदस्य समेतबाट रिट निवेदक दलको

केन्द्रीय कमिटीको मिति २०७८।०४।२५ को माथि उल्लेखित निर्णयले निष्काशन गरी सकेकोले निजहरु रिट निवेदक दलका केन्द्रिय सदस्य भई छुट्टै दल दर्ता हुन सक्दैन ।

१. माधव कुमार नेपाल

२. जिवनराम श्रेष्ठ

३. मुकुन्द न्यौपाने

४. रामकुमारी झाक्री

५. कल्याणीकुमारी खड्का

६. निरादेवी जैरु

७. सरला कुमारी यादव

८. विरोध खतिवडा

९. मेटमणी चौधरी

साथै, केन्द्रिय कमिटी सदस्य प्रकाश ज्वालालाई रिट निवेदक राजनीतिक दलको केन्द्रिय कमिटी र साधारण सदस्यता समेतबाट निष्काशन भई सकेको र सो निष्काशनलाई यसै सम्मानित सर्वोच्च अदालतको रिट नं.०७७–धङ–११७४ मा ०७७–ँल्–०५९१ को निवेदनमा मिति २०७८।४।१८ मा भएको आदेशले निजको कारबाही सदर भएको अवस्थामा १० जना छुट्टै दल दर्ताको लागि निवेदन दिएका भनिएका केन्द्रिय सदस्यहरु सनाखत भएको भनिएको ५५ जनामा घट्न जान्छ ।

विपक्षी निर्वाचन आयोगले मिति २०७८।५।९ मा गरेको छुट्टै नयाँ दल दर्ताको निर्णयमा रिट निवेदक दलको केन्द्रिय कमिटीका ५५ जना केन्द्रिय सदस्यले छुट्टै नयाँ दल दर्ताका लागि सनाखत गरेको र सो संख्या केन्द्रिय कमिटीको २०% भन्दा बढी भएकोले छुट्टै नयाँ दल दर्ता गरी दिएको भनी निर्णय गरेको छ । निर्वाचन आयोगको उक्त निर्णयको प्रकरण नं. ३ को दोश्रो अनुच्छेदमा "सो दलबाट जानकारी गराईएका १४ जना मध्ये केन्द्रिय समितिमा रहेका ९ जना र सो दलबाट निष्काशित केन्द्रिय समितिका सदस्य प्रकाश ज्वाला समेत १० जना केन्द्रिय समितिको सदस्यको संख्या मिति २०७८।५।९ गते सनाखत भएका केन्द्रिय समितिको सदस्यको संख्यामा गणना नगर्दाको अवस्थामा समेत राजनीतिक दल सम्बन्धी ऐन २०७३ (दोश्रो संसोधन अध्यादेश २०७८) ले तोकेको प्रतिशत भित्रै सनाखन गर्ने केन्द्रिय समितिका सदस्यको संख्या रहेन देखिदा दल दर्ता सम्बन्धी विषयको अग्रिम कारबाही प्रक्रिया रोक्नुपर्ने अवस्था देखिदैन ।" भनी उल्लेख भएको छ । यसबाट विपक्षी आयोगकै निर्णयले पनि सनाखत भएका भनिएका ५५

जना केन्द्रिय सदस्य मध्ये ४५ जनाको मात्र सनाखत प्रमाणित निर्वाचन आयोग स्वयंले मानेको छ । अब यी ४५ जना मध्ये विपक्षी झलनाथ खनालको सम्बन्धमा निर्वाचन आयोगको उक्त निर्णयको दोश्रो पानामा निज केही समयदेखि भारत स्थित एपोलो अस्पतालमा उपचाररत रहेको र भारत स्थित नेपाली राजदुतावासबाट सनाखत गर्न अनुरोध गरेको र मिति २०७८।०५।०४ को छुट्टै दल दर्ताको निवेदनमा सुचिमा निजको नाम समावेश भएको भनी लेखिएको छ । जबकी निजले शुरु छुट्टै दल दर्ताको निवेदन २०७८।५।२ मा दर्ता भएकोमा समेत निजको दस्तखत छैन । यसरी शुरु निवेदनमा दस्तखत नै नभएका व्यक्तिको हाल आएर सनाखत गराउन मिल्दैन । यसै विषयमा विपक्षी निर्वाचन आयोगको उक्त मिति २०७८।५।९ को निर्णयको पाना २ दोश्रो अनुच्छेदमा सनाखत गरी पाउँ भनी मिति २०७८।५।८ मा निर्वाचन आयोगमा निवेदन गर्ने रिट निवेदक दलका संघीय संसदका सदस्यहरु समेतलाई शुरु निवेदनमा नाम नभएको कारणले सनाखन गराईएन । शुरु निवेदनमा नाम नहुनु र शुरु निवेदनमा हस्ताक्षर नहुनुमा कुनै फरक छैन । त्यसकारण मिति २०७८।०५।०९ मा गरिएको केन्द्रिय सदस्य ५५ जनाको सनाखत मध्ये सि.नं. ३ का प्रदिप नेपाल, सि.नं. १६ का धर्मनाथ प्रसाद साह, सि.नं. १९ का रत्नेश्वर गोइत यादव , सि.नं. २१ का रविन्द्र वैठा धोवि र सि.नं. ३४ का खगेन्द्र चुडाल समेत ५ जना र भारत नयाँ दिल्लीबाट सनाखत गरेका भनिएका झलनाथ खनाल समेत ६ जनाको सनाखत कायम रहन सक्दैन । निर्वाचन आयोग स्वयंले बनाएको मापदण्ड अनुसार पनि यो सनाखत कायम रहन नसक्ने हुँदा ५५ जना सनाखत भएका मध्ये १० जना निष्काशित केन्द्रिय सदस्यहरु र ६ जना गैर कानुनी सनाखत भएका समेत १६ जना घटाउँदा ३९ जनामात्रको सनाखत कायम रहन्छ । यो संख्या २० प्रतिशत भन्दा घटी संख्या हो । यसबाट छुट्टै दलको रुपमा दर्ता भएको भनिएको विपक्षी“नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं” नामक राजनीतिक दल दर्ता हुन सक्दैन ।

८. निर्वाचन आयोग ऐन २०७३ को दफा ४६ मा अधिकार प्रत्यायोजन गर्न सक्ने अधिकार निर्वाचन आयोगलाई भएको भएतापनि सनाखत गर्ने गराउने सम्मको अधिकार अन्यत्र कोही कर्मचारीहरुलाई प्रत्यायोजन गर्न मिल्दैन । यस्तो अधिकार प्रत्यायोजन गर्नै नमिल्ने विषयमा भारत स्थित नेपाली राजदुतावासमा अधिकार प्रत्यायोजन गरिएको र विपक्षी झलनाथ खनालको सनाखत गराउने कार्यव्यहोरा मिलेको छैन । सनाखत गर्न कोही कसैलाई अधिकार प्रत्यायोजन गर्न मिल्दैन । साथै, प्रस्तुत विषय राजनीति दलसम्बन्धी

ऐन २०७३ को दफा ४(५) बमोजिम दल दर्ता भएको सूचना नेपाल राजपत्रमा प्रकाशित भए पश्चात मात्र कार्यान्वयन हुनेमा हालसम्म नेपाल राजपत्रमा प्रकाशित नभएकोले यो छुट्टै नयाँ दल दर्ताको विषय कार्यान्वयन हुन सक्दैन ।

९. राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ९ ले दफा ४ बमोजिम दर्ता भएको नाम, झण्डा र चिन्ह अरु कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण गरिनेछ भनिएको छ । त्यसैगरी दफा ६ (ख)(ङ) समेतले दलको नाम, चिन्ह र झण्डा समेत संरक्षित गरिएको छ । कोही कसैलाई दोर्‍याएर दिन मिल्दैन तर विपक्षी छुट्टै दर्ता भएको भनिएको राजनीतिक दलको झण्डा यस दलको झण्डासँग हुबहु मिल्ने र नेपाल कम्युनिष्ट पार्टी नाम यस दलसँग मिल्ने हुँदाहुँदै के कति कारणबाट उक्त दर्ता भएको भनिएको दललाई दिइएको हो खुल्दैन । उपरोक्त कानून अनुसार र यस दलले विपक्षी निर्वाचन आयोगमा द.नं. ४४६ मिति २०७८।०५।०४ मा दर्ता गराएको पत्र अनुसार र द.नं. ४२० मिति २०७८।०५।०१ मा त्यस आयोगमा दर्ता गराएको पत्र समेतको आधारमा पनि यस दलसँग मिल्नेगरी नाम, झण्डा र चिन्ह दिन मिल्दैन । त्यसरी दिइएको नाम र झण्डा खारेज भागी छ ।

१० अतः उपरोक्त आधार, कारण र प्रमाणहरुको आधारमा विपक्षी निर्वाचन आयोगले मिति २०७८।०५।०९ मा गरेको निर्णय विपक्षी संघीय संसद सचिवालयले निर्वाचन आयोगलाई लेखेको च.नं. २९ मिति २०७८।५।८ को पत्र, विपक्षी निर्वाचन आयोगले च.नं. १६९ मिति २०७८।०५।११ मा संघीय संसद सचिवालयलाई लेखेको गैरकानूनी पत्र, यस सम्बन्धी सबै निर्णय तथा यस सम्बन्धी तयार भएका कागजातहरु, पत्राचारहरु उत्प्रेषणको आदेशद्धारा बदर गरी विपक्षी १४ जना प्रतिनिधिसभा सदस्यहरुलाई यस दलले निष्काशन गरी सकेको अवस्थामा प्रतिनिधिसभा सदस्य पद सहित नयाँ दल गठन गरेकोमा निजहरु १४ जनालाई गरिएको निष्काशन सदर गरी नयाँ दल दर्ताको निवेदन तथा गठन अगावै निष्काशनमा परेकाहरुको प्रतिनिधि सभा सदस्य पदबाट निष्काशन समेत गरी पाउँ । शुरुमा निवेदन नगर्ने पछि सनाखत गर्ने निज झलनाथ खनाल समेतको पदबाट निष्काशन गरी पाउँ । साथै "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक छुट्टै राजनीतिक दल कानुन विपरित दर्ता गरे गराइएकोले उक्त दल दर्ता प्रमाण पत्र, दल दर्ता गर्दा भएका निर्णय, पत्राचार आदि प्रारम्भदेखि नै उत्प्रेषणको आदेशद्धारा बदर गरी पाउँ । साथै विपक्षीहरुलाई गैरकानूनी कार्य नगर्नू÷नगराउनू, साविक दलबाटै निष्काशनमा परिसकेका केन्द्रीय सदस्यहरु तथा प्रतिनिधि सभा सदस्यहरु पद

सहित नयाँ दलमा प्रवेश गर्न नपाउने गरी परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ ।

११ नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन २०७३ बमोजिम बाहेक राजनीतिक दलको गठन, दर्ता र संचालन समेत हुन नसक्ने अवस्थामा तथा दलबाट निष्काशित व्यक्तिहरु पदासिन गराइ कानुन विपरित नयाँ राजनीतिक दल दर्ता गरिएकोले यो कायम रहेमा यसबाट रिट निवेदक दललाई अपुरणीय क्षति हुन जाने भएको हुँदा सुविधा सन्तुलनको दृष्टिकोणले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म देहाय बमोजिम तत्काल गर्ने गराउने गरी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ ।

(क) "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक छुट्टै राजनीतिक दल दर्ता गर्दा रिट निवेदक दलका ५५ जना अर्थात २७.९ प्रतिशत केन्द्रिय कमिटीका सदस्यहरुले सनाखत गरिएको भनिएकोमा २० प्रतिशत भन्दा कम अर्थात ३९ जनाले मात्र सनाखत गरेको अवस्था र यस दलसँग मिल्दोजुल्दो नाम र झण्डा भएको समेतको कारणबाट उक्त दल नै गैर कानुनी भएकोले यसको कृयाकलाप गर्न नपाउने गरी तत्काल रोकी पाउँ ।

(ख) शुरु निवेदनमा दस्तखत नगर्ने १ जना तथा निष्काशनमा परेका १४ जना समेत १५ जना विपक्षी प्रतिनिधिसभा सदस्यहरुलाई तत्काल कामकार्य गर्न नपाउने आदेश गरी नयाँ दलमा समावेश हुन नपाउने र प्रतिनिधि सभा सदस्यको रुपमा क्रियाशिल हुन नपाउने गरी अन्तरिम आदेश गरी पाउँ ।

(ग) विपक्षी निर्वाचन आयोगले "नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नयाँबानेश्वर, काठमाडौं" नामक छुट्टै राजनीतिक दल दर्ता भएको भनी विपक्षी संघीय संसद सचिवालयमा भएको पत्राचार लगायत कार्यहरु तत्काल कार्यान्वयन नगर्नु÷नगराउनु भनी विपक्षीहरुको नाममा आदेश गरी पाउँ ।

१२. निम्न कागजातहरुको फोटोकपी साथै छ ।

(क) निर्वाचन आयोगको मिति २०७८।५।९ को निर्णय ।

(ख) सङ्घीय संसद सचिवालयको च.नं. ११ मिति २०७८।०५।१५ को पत्रसाथ प्राप्त विपक्षी सभामुखले मिति २०७८।०५।१३ मा गरेको निर्णय ।

**(ग) यस दलको सङ्घीय संसदीय दलको च.नं. ५ मिति २०७८।०५।०१ को विपक्षी सङ्घीय संसद सचिवालयलाई लेखेको पत्र र रिट निवेदक दलको मिति २०७८।०४।२५ को निर्णय ।**

**(घ) रिट निवेदक दलले निर्वाचन आयोगलाई लेखेको द.नं. ४६९ मिति २०७८।०५।०९ को पत्र, द.नं. ४६८ मिति २०७८।०५।०९ को पत्र, द.नं. ४४६ मिति २०७८।०५।०४ को पत्र ।**

**(ङ) पार्टी निर्णय तथा अख्तियारी पत्र ।**

**(च) अन्य सम्पूर्ण कागजातहरु विपक्षी निकायहरुमा छ झिकी प्रमाण लगाई पाउँ ।**

**१३. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउँला**

**निवेदक**

**निज वा. सुमित्रा पाण्डे**

**इति संवत २०७८ साल भाद्र महिना १६ गते रोज् ४ शुभम् ————————————————————।**

**श्री सर्वोच्च अदालतमा पेश गरेको**

**सारसंक्षेपीकरण**

**विषयः <u>आन्तरिम आदेश सहितको उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आदेश जारी गरी पाउँ</u> ।**

**निर्वाचन आयोग नेपालमा दर्ता नं. ३२ मा दर्ता रहेकोका.जि.का.म.न.पा. वडा नं.११ स्थित नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भई आफ्नो हकमा समेत वर्ष ६९ को केपी शर्मा ओलीको वारेस का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने वर्ष ३३ की सुमित्रा पाण्डे............ ......... ......... ......... ......... ......... ......... ...........१** **सारसंक्षेपकर्ता रिट निवेदक**

**विरुद्ध**

**निर्वाचन आयोग कान्तिपथ, काठमाडौं समेत.......................................५** **विपक्षी प्रत्यर्थी**

**मुद्दाः उत्प्रेषण ,परमादेश, प्रतिषेध ।**

**क) रिट निवेदनको संक्षिप्त व्यहोराः**

**विपक्षी निर्वाचन आयोगले सुरुमै दस्तखत नै नभएका निवेदकहरुलाई पछि सनाखत गराएको, बिना कारण प्रक्रिया नै पूरा नगरी गलत मनसायले बिना कारण हतारमा छुट्टै दल दर्ता गराएको र दर्ता हुनै नसक्ने छुट्टै राजनीतिक दल दर्ता गरेको गैह्रकानूनी निर्णय उत्प्रेषणको आदेशद्धारा वदर गरी उक्त गैह्र कानूनी निर्णय वदर गरी पाउँ ।**

**ख) संवैधानिक वा कानूनी प्रश्नः**

**नेपालको संविधानको धारा १७ (२) (च), १८ (१), २०, ४६, १३३ (१) (२), (३), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३, ४, ९, २८, २९, ३१, ३२, ३३, ३४, ३५, ३६, राजनीतिक दलसम्बन्धी नियमावली २०७४, प्रचलित कानून समेत तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३२ तथा प्रचलित कानून समेत ।**

**ग) माग गरिएको उपचारः**

गैर कानूनी रुपमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पार्टी दर्ता गरेको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी कानून बमोजिम गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेश प्रतिषेधको आदेश समेत जारी गरी पाऊँ ।

घ) यसमा लेखिएको व्यहोरा ठिक साचो छ, झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

सारसंक्षेपीकर्ता

निज वा.सुमित्रा पाण्डे

ईति सम्वत् २०७८ साल भदौ महिना १६ गते रोज ४ शुभम्..............................।